# भाग ४

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०४६।३।२१ को निर्णयानुसार नेपाल इञ्जिनीयरिङ सेवा, सिभिल समूह, स्यानिटरी उप-समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (उप-सचिवस्तर) का देहायका अधिकृतहरूलाई सोही सेवा, समूह, उपसमूहको राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिवस्तर) को देहायको पदमा मिति २०४६।१।७ देखि लागू हुने गरी बढुवा गरी देहायबमोजिम पदस्थापन गरेको छ।

| क्र. सं. | नाम, थर | पदस्थापन भएको पद र कार्यालय | पदसंकेत |
|---|---|---|---|
| १. | श्री पोषणनाथ नेपाल | क्षेत्रीय निर्देशक, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा। | कायम भै नसकेको |
| २. | श्री शान्तभक्त माथेमा | क्षेत्रीय निर्देशक, सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल। | " |
| ३. | श्री नारायणप्रसाद रिमाल | क्षेत्रीय निर्देशक, मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, नेपालगञ्ज। | " |
| ४. | श्री मुक्तिमान जोशी | क्षेत्रीय निर्देशक, मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, ललितपुर। | " |

## सूचना २

श्री ५ को सरकारले मिति २०४६।८।१४ को निर्णयानुसार नेपाल इञ्जिनीयरिङ सेवा, सिभिल समह, स्यानिटरी उप-समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (उप-सचिवस्तर) का अधिकृत श्री बुद्धिप्रकाश शाहलाई सोही सेवा, समूह, उप-समूहको राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिवस्तर) को पदमा मिति २०४६।८।१४ देखि



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४२४

लागू हुने गरी बढुवा गरी खानेपानी तथा ढल निकास पूर्वाञ्चल क्षेत्रीय निर्देशनालयको क्षेत्रीय निर्देशकको पदमा पदस्थापन गरेको छ ।

आज्ञाले,
सन्तबहादुर राई
श्री ५ को सरकारको सचिव

## सूचना ३

श्री ५ को सरकारले मिति २०४६।४।१६ को निर्णयानुसार नेपाल इञ्जिनीयरिङ सेवा, सिभिल समूह, स्यानिटरी उप-समूह, राजपत्राङ्कित तृतीय श्रेणी (शाखा अधिकृत स्तर) का देहायका अधिकृतहरूलाई सोही सेवा, समूह, उप-समूहको राजपत्राङ्कित द्वितीय श्रेणी (सहायक सचिवस्तर) को पदमा मिति २०४६।२।१८ देखि लागू हुने गरी बढुवा गरी देहायबमोजिम पदस्थापन गरेको छ ।

| क्र. सं. | नाम र थर | पदस्थापन भएको पद र कार्यालय | पदसंकेत |
|---|---|---|---|
| १. | श्री वासुदेवराज जोशी | डिभिजनल इञ्जिनीयर, खानेपानी तथा ढल निकास मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय । | कायम भै नसकेको |
| २. | श्री अरुणकुमार रञ्जितकार | डिभिजनल इञ्जिनीयर, खानेपानी तथा ढल निकास पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय । | " |
| ३. | श्री राममान श्रेष्ठ | डिभिजनल इञ्जिनीयर, खानेपानी तथा ढल निकास मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय । | " |

## सूचना ४

श्री ५ को सरकारले मिति २०४६।७।१० को निर्णयानुसार नेपाल इञ्जिनीयरिङ सेवा, सिभिल समूह, स्यानिटरी उप-समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (सहायक सचिव-स्तर) पूर्वाञ्चल क्षेत्रीय खानेपानी निर्देशनालय, धनकुटाका डि. इ. श्री रविनलाल चित्रकारलाई सोही सेवा, समूह, उप-समूहको मध्यमाञ्चल क्षेत्रीय खानेपानी निर्देशनालय, ललितपुरको डि. इ. पदमा सरुवा गरेको छ ।

आज्ञाले,
गोपालकृष्ण श्रेष्ठ
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५५